# बुद्धको सङ्घमा प्रव्रज्जित अनुयायीहरूको पहिरनको नालीवेली
## (The Attire of the Buddhist Monasticism)

डा. चन्द्रकला घिमिरे[१]


### लेखसार

बुद्धधर्ममा प्रव्रज्जितहरूले लगाउँने तीनवटा मुख्य कपडाहरूको एक सेटलाई चीवर भनिन्छ। एक सेट चीवरमा अन्तरवासक, उत्तरासंघ र संघाटी गरि तीनवटा कपडाहरूको रहेका हुन्छन्। चीवर सिङ्गो कपडालाई बर्गाकार, आयताकार, गोलाकार र *पट्टीहरु* जस्ता बिभिन्न आकारमा काटेर जोडेर मानक चीवर सिलाउँने परम्परा रहेको छ। एक ब्यक्तिको लागि कम्तीमा तीनबटा चीवरको आवश्यकता हुन्छ भन्ने बिषय परिक्षणको आधारमा तय गरिएको थियो। चीवरको आधिकारीक खाकाको उत्पत्तिको मगध राज्यको उर्वर भुमी धानखेत सँग जोडिएको पाईन्छ। बुद्धको सङ्घको स्थापनाको पहिलो बीस बर्षसम्म सङ्घमा कस्तो चीवरहरू लगाउँने भन्ने बिषयको खास नियम बनेको देखिदैन। यो बेलासम्म गृहपति चीवर वा गृहस्थले दिएका चीवरहरू लगाउँने चलन नभएकोले बुद्ध लगाएत सवै भिक्षुहरूले पाशंकुल चीवर लगाउँने गर्दथे। पाशुकुल चीवर भनेको सडक, श्मसान, रछ्यान आदीमा फालिएको वस्त्र जम्मा गरी कुहिएको भाग फाली बाँकी भागबाट तयार गरिएको चीवर हो। समयको बिकाससँगै प्राप्त गर्ने तरिका र आसय अनुसार चीवर पनि बिभिन्न वर्गमा बिभाजन गरिएको पाईन्छ। यसको रङ्ग पहेलोमा हल्का रातो, केशरको जस्तो पहेलो, बर्गन्डी, गाढा मरून र केशर रङ्गलाई बिनय पीटकमा आधिकारीक रङ्ग मानिएको पाईन्छ। आफ्नो शरीरको नाप अनुसार चीवर लगाउँन पाईन्छ तर बुद्धको चीवर भन्दा बृहत् आकारको चीवर अरु प्रव्रज्जितको हुनुहुदैन। चिवर प्राप्त गर्ने, यसको ब्यवस्थापन, लगाउँने बिधि आदी बिषयमा विनय पीटकमा राम्रो सँग उल्लेख गरिएको छ। बुद्धधर्ममा निर्वस्त्र हुनु निषेध गरिएको छ त्यसैले बिधिमा रहेर पहिरनको प्रयोग आवश्यक रहन्छ। पाराजिका विनय लागेमा चीवर धारण गर्ने अवस्थाबाट च्युत गरी बौद्धसङ्घबाट निस्कासन गरिने प्रावधान रहेको छ।


***शब्दकुञ्जी:*** चीवर- विनय, त्रि-चीवर, भिक्षु, भिक्षुणी, पाशंकुल

### बिषय परिचय

बिश्वमा प्रचलनमा रहेका प्राय सवैधर्महरूले आफ्ना अनुयायीहरूलाई खास समय, पर्व र अवस्थामा लगाउँन हुने वा नहुने वस्त्रहरूको बारेमा निर्दिष्ट गरेको देखिन्छ। आजभन्दा करीव छब्बीससय बर्ष अगाडी स्थापना भएको बुद्धको सङ्घमा प्रव्रज्जित अनागार, अनागारीका, भिक्षु तथा भिक्षुणीहरूले पनि बौद्ध विनयले

१. बौद्ध अध्ययन केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल
Email: chandra.ghimire@cdbs.tu.edu.np
Article history: Received on: Oct. 2, 2024; Accepted on: Dec. 17, 2024; Published on: Jan. 31, 2025
Peer Reviewed under the authority of The Academia, journal of Nutan, central committee, Kathmandu, Nepal, with ISSN 2350-8671 (Print).

Creative Commons Attribution-Non Commercial-No Derivatives 4.0 International License.

निर्दिष्ट गरे अनुसारको पहिरन गर्नुपर्ने प्रावधान रहेको छ। बुद्धधर्मको प्रब्रज्जित सङ्घका सदस्यहरूको औपचारिक परिधानलाई चीवर भनिन्छ (एडगर्टन, १९९८, पृ. २३१)। शिद्धार्थले गृहत्यागसँगै गृहस्थमा लगाउँने गरेको वस्त्र पनि त्याग गरेका थिए र पछि गृहत्यागीहरूको लागि औपचारिक परिधानको ब्यवस्था गरेका थिए। अहिले बिभिन्न देशहरूका सङ्घमा प्रब्रज्जित बुद्धधर्मको प्रचार भईरहेको देखिन्छ। ति देशहरूमा अभ्यास गरिने बुद्धधर्म र सङ्घ सदस्यहरूको पहिरनमा पनि केही मात्रामा बिबिधता रहेको पाईन्छ। नेपालका तीन प्रकारका बुद्धधर्महरूः हिमाली क्षेत्रको बुद्धधर्म, नेपाल मण्डलभित्रको बुद्धधर्म र थेरवाद बुद्धधर्ममा प्रब्रज्जित भएर धर्मको अभ्यास गर्ने बुद्धधर्मानुयायीहरू को चीवरमा भिन्नता रहेको देखिन्छ। यस प्रकारको पृष्ठभुमीमा रहेर थेरवाद बुद्धधर्मको सङ्घमा प्रब्रज्जितहरू को पहिरनको इतिहास र यसको विनय ब्यवस्थाको बारेमा उजागर गर्ने प्रयास यसलेखमा गरिएको छ। यसलेखलाई विनयपिटकमा उल्लेख भएका परिधान सम्बन्धि नियमहरू प्राथमिक श्रोतको रुपमा र प्रब्रज्जितहरूका परिधान सम्बन्धमा अन्य प्रकाशित कृतिहरूलाई द्वीतिय श्रोतकोरुपमा प्रयोग गरिएको छ।

## प्रव्रज्जितहरूको कपडाको परिचय

चीवर बुद्धधर्मको सङ्घमा प्रब्रज्जितहरूको औपचारिक पोशाक हो। अन्तरवासक, उत्तरासंघ र संघाटी गरि तीनवटा कपडाहरूको एक सेटलाई चीवर भनिन्छ। तीनवटा कपडाको सेट भएको कारण यसलाई त्रिचीवर पनि भन्ने गरिन्छ। अन्तरवासक कम्मरदेखि पिडौलासम्म लगाउँने भित्री कपडा हो। अन्तरबासक एकसरो कपडाबाट बनाईन्छ तर यो पुरानो कपडाबाट बनाईएको छ भने यसलाई दोब्बरी पारेर सिलाउँन सकिने ब्यवस्था रहेको छ (राना, मायादेवी, २०६४,पृ. ३५)। उत्तरासंघ अन्तरवासकलाई छापिनेगरी शरिरको माथिल्लोभागमा लगाईने कपडा हो। यो पनि एकसरो कपडामा बनाईन्छ तर अन्तरवासक जसरीनै पुरानो कपडाबाट बनाइएको खण्डमा यसलाई पनि दोवरी कपडा राखेर बनाउँन सकिन्छ। अन्तरवासक र उत्तरासंघको बोर्डरको भागमा भने दोब्बर कपडाको पेटी राखि बलियो बनाइएको हुन्छ। संघाटी शरीरलाई छोप्ने वा खास्टो जस्तो दोवरी कपडा हो तर यसलाई पुरानो कपडाबाट तयार गरिएको अवस्थामा चौवर पनि बनाउँन सकिने विनय ब्यवस्था रहेको छ।

प्रब्रज्जित महिला भिक्षुणीहरूको सन्दर्भमा माथि उल्लेखित त्रि-चीवर बाहेक सङ्काच्छिक (गोप्य अङ्गमा लगाउँने कपडा) र उदकसाटिक (स्तन छोप्नको लागि लगाईने भित्रीकपडा) गरी पाँचवटा कपडाहरू चीवर भित्रै पर्दछन्। सानूकच्छिकम् (Sankaccikam) गन्जी जस्तो कपडा, महिलाहरूको छातीमा लगाउँने कस्सीएको कपडा, भिक्षाटनमा जाँदा हावाले चीवर उडाउँदा भिक्षुणीहरूको छाती देखिने भएकोले खराव आचरण भएका मानीसहरूको कुदृष्टी पर्न सक्ने कारण भिक्षाटनमा जाँदा सानूकच्छिकम् अनिवार्यरूपमा लगाउँनु पर्दथ्यो। उदकसाटिक (Udakasatika ) नुहाउँनको लागी प्रयोग गर्ने कपडा हो भने मासिक चीवर (Monthly Robe) भिक्षुणीहरूको मासिकधर्म भएको अवस्थामा प्रयोग गर्ने कपडा हो। बुद्धकालिन समाजमा कपडा त्यती सहज नभएको कारण भिक्षुणीहरूलाई महिनावारी हुदाँ प्रयोग गर्ने कपडा साझा बनाएर प्रयोग गर्ने पनि चलन थियो। पहिलोले प्रयोग गरेपछि यसलाई सफासँग धोएर संघमा फिर्ता गर्नुपर्ने चलन थियो (राना, २०६४,पृ ३५)।

## मानक चीवरका बिभिन्न भागहरू

सग्लो कपडालाई खण्ड खण्ड टुक्राहरूमा बिभाजन गरि जोडेर चीवर बनाईएको हुन्छ। मानक चीवरमा साधारणतया पाँचबवटा टुक्राहरूलाई वा कम्तीमा विजोडी संख्याका टुक्राहरूलाई जोडेर चीवर तयार गरिन्छ।

चीवरका विभिन्न भागहरूलाई खुसी मण्डल (Cross-seam), अद्दखुसी मण्डल (Short Cross-seam or aḍḍha-khusi), मण्डल (Circular-seam or aḍḍha-khusi), अद्दमण्डल (Short-Circular-seam or a ḍḍha-Mandala), मण्डल (Central Peace or Vivaṭṭa), Side Peace (अनुविवत्त or Anu-Vivaṭṭa), Neck Peace (जीवेयक giveyyaka), Knee Peace (जङ्घेयक Jaṅgeyyaka) , Elbow Peace ( वाहन्त bāhanta) पर्दछन् । यी सवैभागहरू भएको चीवर पूर्ण वा मानक चीवर हो । संघाटीमा यी सवै भाग हुदैनन् तर उत्तरासंघ र अन्तरवासका माथि उल्लेखित खण्डहरु रहेका हुन्छन् (घिमिरे, २०८१, पृ. ३१)।

प्रत्येक चीवरका पाँच खण्डका टुक्राहरू मध्ये ठूलो खण्डलाई मण्डल (field-plot) र सानो खण्डलाई अर्धमण्डल (half-plot) भनिन्छ । मण्डल र अर्धमण्डलका दुई खण्डलाई सानो पट्टीले छुट्याईएको हुन्छ यसलाई अर्धबाँध वा अर्धखुसी (half-dike) भनिन्छ । प्रत्येक खण्डलाई लामो पट्टी राखेर सिलाईएको हुन्छ जसरी खेतका प्रत्येक गराका आलीहरू हुन्छन् । चीवरको मुख्य खण्डलाई विवत्त (vivaṭṭa) र सहायक खण्डहरूलाई अनुविवत्त (Anuvivaṭṭa) भनिन्छ र बाँकी टुक्राहरूलाई बहन्त (bāhantas, or armpieces), घाँटीको भागको चीवर खण्डलाई जीवेयक (throat-piece) र कम्मरको भागको खण्डलाई जङ्घेयक (calf-piece) भनिन्छ । विनय पीटकको निस्सगीय पाचित्तिय (नैस्सर्गिक प्रायश्चित) खण्डमा कसरी चीवरको संख्या, आकार, रङ्ग, लगाउँने तरीका, चीवर के के को बनाउँन सकिन्छ भन्ने आदी बिषयको नालीवेली उल्लेख गरिएको पाईन्छ । चीवर साधारण साधारण तथा आकर्षित देखिनुका साथै यसले बुद्धधर्मको प्रतिक र सभ्यताको परिचय मान्न पनि सकिन्छ ।

## चीवरको खाकाको उत्पत्ति

चीवरको खाकाको उत्पत्तिको कथा मगध राज्यको कृषि उर्वर जमिनसँग जोडिएको पाईन्छ। एकपटक बुद्ध आफ्ना भिक्षुसंघ सहित राजगृहबाट दक्षिणागीरी पर्वत तिरको यात्रामा रहेका थिए। मगध राज्यको बाटो हिड्दै गर्दा बिभिन्न आकार र क्षेत्रफलमा रहेका तरेली परेका पहेलपुर धानखेतका गराहरू देखेर बुद्ध निकै खुसि भएको उल्लेख गरिन्छ। खेतको यो मनमोहक दृष्यमा केही गराहरू लाम्चो परेका, केही गराहरू वर्गाकार परेका, केही गराहरू आयताकार परेका देखिन्थे। त्यस्तै खेतका गराहरूका बीचमा लामो परेका कुलोहरू र सवै गराका आलीहरू देख्दा बुद्धको मन खुसीले गद्गद् भएको क्रममा उनले आफ्ना सहयोगी आनन्दलाई भने,


*पस्ससि जो त्वं आनन्द, मगधखेत अच्छिबद्धं पालिबद्धं मरियालबद्धं सिङ्घाटकबद्धन्ति?*

*उस्सहसि त्वं, भिख्खूनं एवंरूपानी चीवरानी संविदहितुन्ति? उस्सहासि भगवाति। (पौडेल, २०७९, पृ २४३-२४४)*

हे आनन्द ! मगधको खेत जस्तै देखिने गरी भिक्षुहरूले लगाउँने चीवर बनाउँन सकिदैन ? आनन्दले सोच बिचार गरी बुद्धको बिचारलाई कपडाको आकारमा परिवर्तन गरेर देखाए। आनन्दले आफ्नो बिचार अनुसारको कपडा बनाएको देखे पछि बुद्धले उद्गार ब्यक्त गर्दै भने, आनन्द पण्डित हुन् ! आनन्द महाप्रज्ञ हुन् !, मैले संक्षेपमा भन्दा उनले क्यारी वा खुसी मण्डल (cross-seam) पनि बनाए। आधी क्यारी अद्धखुसी ( short cross-seam) पनि बनाए। मण्डल (circular seam) पनि बनाए। मण्डल र अर्धमण्डल ( short circular seam) पनि बनाए। बिवर्त (central peace) पनि बनाए। अनुविवर्त (side peace) पनि बनाए। ग्रैवेयक (neck peace), चीवर बलियो बनाउँने दोहोरो पट्टी गर्धन तीरको भाग पनि बनाए। जांघेयक (knee peace), चीवर बलियो

बनाउँने दोहोरो पट्टी पिडौला तीरको भाग पनि बनाए। बाहुवन्त (elbow peace), चीवर बलियो बनाउँने दोहोरो पट्टी पाखुरा तीरको भाग पनि बनाए। यसरी बुद्धकै समयमा मगधको खेतको अवलोकनबाट वर्तमान समयमा बौद्धसंघका सदस्यहरूले लगाउँने कपडा वा चीवरको पूर्ण डिजाईन तयार भएको थियो। आफुले कल्पना गरे अनुसारको बिचारलाई मुर्तरुप दिएपछि बुद्धले आनन्दको प्रशंसा गर्दै भनेका थिए, आनन्द पण्डित हुन्। आनन्द महाप्रज्ञ हुन्। मैले संक्षेपमा भन्दा उनले क्यारी पनि बनाए। आधी क्यारी पनि बनाए। मण्डल पनि बनाए। मण्डल र अर्धमण्डल पनि बनाए। अनुविवर्त पनि बनाए। ग्रैवेयक (चीवर बलियो बनाउँने दोहोरो पट्टी गर्धन तीरको भाग) र जांघेयक (चीवर बलियो बनाउँने दोहोरो पट्टी पिडौला तीरको भाग), बाहुवन्त (चीवर बलियो बनाउँने दोहोरो पट्टी पाखुरा तीरको भाग) पनि बनाए भनेर प्रशांसा गरे।

**मानक चीवरका बिभिन्न खण्डहरू र तिनीहरूका नाम**




श्रोतः (घिमिरे, २०८१, पृ. ३४)

## चीवरको आकार र रङ्गको छनौट

बुद्धको भौतिक शरीरमा बत्तिस लक्षण र असी ब्यन्जन थिए भनिन्छ (शास्त्री, १९९९, पृ.५६ ) उनको कद सामान्य आम मानिसभन्दा अग्लो रहेको बताईन्छ। त्यसकारण बुद्धको चीवर अन्य प्रब्रज्जित भिक्षु तथा भिक्षुणीहरूको भन्दा आकारमा फरक र ठूलोहुने ब्यवस्था विनय पीटकमा गरिएको छ। भिक्षु वा भिक्षणीहरूले बुद्धले भन्दा ठूलो आकारको कपडा लगाउँन नपाईने नियम रहेको छ। विनय पीटकमा उल्लेख भए अनुसार चीवरको आकार निम्नानुसार हुने ब्यवस्था पाईन्छ। बुद्धको चीवर - लम्वाई ९ बित्ता (बुद्धको हातको) र चौडाई ६ बित्ता (साँस्कृत्यायन, १९३५, पृ.३१) हुने तर भिक्षु वा भिक्षुणीहरूको चीवर आफ्नो शरीरको आकार अनुसार

तर बुद्धको भन्दा सानो आकारको हुनुपर्दछ। बुद्ध बाहेक र भिक्षु र भिक्षुणीहरूको खुजली ढाक्ने वस्त्र वा लंगुटीको साईज निम्नानुसारको ब्यवस्था गरिएको छ। जस अनुसार लगौटी - लम्वाई ६ बित्ता (बुद्धको हातको) र चौडाई डेढ बित्ता, भिक्षुणीको लगौटी - लम्वाई ४ बित्ता (बुद्धको हातको) र चौडाई २ बित्ता (साँस्कृत्यायन, पृ ६४), भिक्षुणीको नुहाउँदा लगाउँने कपडा- लम्वाई ४ बित्ता (बुद्धको हातको) र चौडाइ २ बित्ता र बर्षाको लुङ्गी - लम्वाई ६ बित्ता (बुद्धको हातको) र चौडाई डेढ बित्ता हुने प्रावधान रहेको छ।

## चीवर बनाउँन सकिने रेशाहरू

बुद्धधर्मले प्रत्येक अवस्थामा पञ्चशीलको पालनालाई प्रश्रय दिएको पाईन्छ। त्यसकारण बिहारमा प्रब्रज्जित भएकाहरू को लागि छाला जस्ता बस्तुबाट बनेका कपडाहरू लगाउँन निषेध गरिएको पाईन्छ। विनय पिटकको चीवर स्कन्धमा उल्लेख भए अनुसार निम्नानुसारका छ प्रकारका बस्तुहरूबाट निस्केका रेशाहरू बाट चीवर बनाउँन सकिने ब्यवस्था रहेको देखिन्छ।

- खोम वा क्षौम (khomam) - आलसको रेशाबाट बनेको कपडा आलसको बिरूवाबाट बनेको वस्त्र।
- कप्पासिकं वा कपास/कटन (cotton) - कपासको रेशाबाट
- कोसेय्यं वा कौशेय (silk) - रेशमी किराको रेशाबाट
- कम्बलं वा ऊन (wool) - ऊनबाट
- साणं वा सन् (sana) ( सनूपाटको रेशा वा सनी वा लिननको रेशा बनस्पत्तिको काण्डबाट निकालिने गरिन्छ।
- भंग (Bhanga) - भाङ्ग वा गाँजाको रेशाबाट बनेको कपडा। (घिमिरे, २०८१, पृ. ३५)

## चीवरका प्रकारहरू

विनय पीटकका अनुसार संघको स्थापनाका पहिलो बीस बर्ष सम्म संघमा कस्तो चीवरहरू लगाउँने भन्ने खास नियम बनेको देखिदैन। यो समयसम्म गृहपति चीवर वा गृहस्थले दिएका चीवरहरू लगाउँने चलन नभएकोले बुद्ध लगाएत सवै भिक्षुहरूले पाशंकुल चीवर लगाउँने गर्दथे। (सांस्कृत्यायान, १९३५, पृ.२७३) एकपटक बुद्ध बिरामी परेको कारण बुद्ध र राजा बिम्बीसारका निजी बैद्य जीवकले आफुले राजा प्रद्योत्तले दानमा दिएको शिवीका दुशाला बुद्ध वा राजा बिम्बीसारलाई दान दिने बिचार गरे। यसै प्रसङ्गमा जीवकले बुद्धलाई गृहस्थले दानमा दिएको चीवर पनि स्वीकार गर्न अनुरोध गरे (सांस्कृत्यायान, १९३५, पृ.२७४)। भिक्षुहरूले गृहस्थले दान गरेको चीवर ग्रहण गर्न अनुमती दिनको लागि अनुरोध गरे (विजयरथ, १९९०, पृ. ३२)।जीवकको अनुरोधलाई बुद्धले स्वीकार गरेपछि भिक्षु, भिक्षुणी, अनागार तथा अनागारीकाहरूको जीवन अलि सहज भएको पाउँन सकिन्छ। किनकी यो समयपछि गृहपति चीवर ग्रहण गर्न सकिने नियम बनेको हो। चीवर प्राप्त गर्ने तरिकाको आधारमा चीवरलाई निम्नानुसारमा बिभाजन गर्न सकिन्छ।

### (क) पांशकुलिक चीवर

बुद्धकालिन समयमा कपडा अहिले जस्तो प्रसस्त पाउँने अवस्था थिएन भनि बुझ्न सकिन्छ। त्यो समयमा फोहोरमा फालिएका, मसानमा फालिएका कात्रो, गल्लीमा मिल्नेका कपडाहरू आदी कपडाहरू जम्मा पारी सफा गरि धोएर चीवर बनाएर लगाउँने चलन थियो (बोधिसेन, २०५७, पृ. २७५) यस्तो चीवरलाई पाशंकुलिक चीवर भनिन्छ। पाशुकुलिक भनेको धलोमैलो लागेको र विभिन्न स्थानबाट जम्मा गरिएको कपडा हो। (प्राणपुत्र, २०६०, पृ. १६०)। पाशुकूलिक भनेको सडक, श्मसान, रछ्यानको थुप्रोमा फालिएको वस्त्र (संकारचाल) र जहाँकही धुलो (पाशुं) माथि फालिएको कपडा, आगोले डढेको वस्त्र, गाईले खाएको बस्त्र, धमिराले खाएको वस्त्र, मुसाले खाएको वस्त्र, किराले खाएको वस्त्र, झल्लर च्यातिएको वस्त्र, स्तुपमाथिको वस्त्र, अभिषेक वस्त्र, सामुन्द्रिक वस्त्र, पसलको ढोकामा फालिएको वस्त्र (पार्पणिक), स्वस्ति वस्त्र (गर्भको मललाई पुछेर फालिएको वस्त्र आदिबाट पाशुकूल चीवर बनाउँन सकिन्छ। भनिन्छ। (प्राणपुत्र, २०५८, पृ. ५४-५६)। यो अनुसार विचार गर्दा त्यो काशीवस्त्रको त्याग गरि पाशुकुलिक लगाउँनु बुद्धको त्यागको नमुना नै भएको बुझिन्छ। कोही कोही भिक्षुहरू पाशंकुल लगाउँन नमान्ने कारण भएपछि बुद्धले साधारण र पाशंकुल चीवर गरि दुईथरी चीवरको ब्यववस्था गर्नु भएको हो। (सास्कृत्यायन, १९३५, पृ २७५) अहिले पनि केही भिक्षुहरू क्लेश कम गर्नको लागि पाशंकुलिक चीवरको प्रयोग गर्ने गरेको पाईन्छ।

बुद्धको समयमा मसानको कपडा प्राप्त गर्न पनि कठीन नै थियो भन्ने कुरा बिनय पीटकमा उल्लेख गरिएको एक घटनाले सपष्ट पार्दछ। एकपटक कोशल देशको बाटो भएर यात्रा गर्दा रहेका केही भिक्षुहरू स्मशानका कपडा लिनको लागि पर्खिएर बसे। उनीहरूसँग आएका अर्कोथरी भिक्षुहरू भने त्यो कपडा पर्खेर बसेनन्। पर्खिबस्नेहरू ले मसानको कपडाहरू लिएर आएपछि नपर्खिनेहरूले त्यो कपडा आफुहरूलाई पनि भाग दिनुपर्ने माग राखे। भिक्षुहरू को यो बिषयको बिवाद बुद्धको कान सम्म पुग्यो। बुद्धले प्रतिक्षा नगर्नेले त्यो पांशकुल इच्छा भएपनि भाग पाउँदैन तर कोही पर्खेर पनि लिने इच्छा नभएकोभए पनि उसको भाग दिनु पर्दछ भनि फैसला गरिदिए। त्यो समयमा कोही भिक्षु चीवर नलिएर आराम गर्न जान्थे र पनि चीवर पाउँथे भने कसैले पर्खेर पनि चीवर पाउँदैनथे त्यसकारण यो नियम बनेको देखिन्छ।

### (ख) कठीन चीवर

भिक्षु तथा भिक्षुणीहरू को बर्षाबासको अन्त्यमा गृहस्थद्वारा दान गरिने चीवरलाई कठीन चीवर भनिन्छ। बर्षाबासको कठीन समय र प्रतिज्ञा पुरा गरेको अवसरमा आयोजना गरिने दान भएकोले यसरी प्राप्त गरिएको चीवरलाई कठीन चीवर भनिएको हो। चीवरको आवश्यकता कम नहोस भनेर बुद्धले कथीन चीवरदानको विनय बनाएका हुन् भनि बुझ्न पनि सकिन्छ (महर्जन, २०७२, पृ. ३६)। बर्षाबासको अन्त्यमा गृहस्थद्वारा दिईने वा दान गरिने कपडा कठीन चीवर हो। यो चीवर प्राप्त गर्न कठीन भएको कारण यसलाई कठीन चीवर भनिएको हो।

कठीन चीवरको उत्पत्तिको प्रसङ्गलाई पनि बुद्धको समयसम्म लगेर जोड्न सकिन्छ। बुद्धत्व प्राप्त पछिको चौथो बर्षाबासको समयमा भद्रवर्गीय तीसजना भिक्षुहरू बुद्धको दर्शन गर्न जेतवन तर्फ जाँदै थिए। बर्षाको समय भएको कारण उनीहरू झरीले निथ्रुक्क भिजेका थिए। बाटो हिलो भएको कारण उनीहरूको चीवर पनि हिलाम्य भएको थियो। यो देखेर बुद्धले बर्षाबासको अन्त्यमा भिक्षुहरूलाई कठीन चीवरोत्सवको नियम बनाईदिनुभएको देखिन्छ (ज्ञानपूर्णिक, २०७२, पृ. ३)।

कस्तो अवस्थामा कठीन चीवर प्राप्त भएको हो त्यो पृष्ठभूमीको आधारमा कठीन चीवरप्राप्त अवस्थालाई निम्नानुसार विभाजन गरिएको छ। प्रकरणः भिक्षुको आफ्नो सीमा भन्दा बाहिर, आफ्नो आवासमा चीवर दिने कार्य सम्पादित हुने अवस्थामा उपस्थित हुन नसक्ने भएमा, चीवर कर्म (चीवर गन्ने र बाड्ने) नगरीकन चीवर दिने अवस्थालाई प्रक्रकणान्तिक कठिनोद्वार भनिन्छ। यो अवस्था भनेको यात्रामा रहदा वा आफ्नो नियमित आवास भन्दा बाहिर रहेको अवस्थामा आपद्पर्दा अर्को क्षेत्रबाट चीवर लिनुपर्ने अवस्था हो। निष्ठापनान्तिक कठिनोद्वारः भिक्षुको आफ्नै सीमामा रहदाँ, चीवर कर्म सम्पादित नगरीकन, सीमाको अतिक्रमण गरी म पछि चीवर सम्पादित गर्छु भन्ने तर मनमा म फर्केर आउँदिन भन्ने बिचार गरिरहेको हुन्छ भने यस्तो अवस्थाको कठीन कठिनोद्वारलाई निष्ठापनान्तिक कठिनोद्वार भनिन्छ। संनिष्ठापनान्तिक कठिनोद्वारः यदि कोही भिक्षु आफ्नो सीमा भन्दा बाहिर गैरहेको छ र म पछि फर्कने छु र चीवर कर्म सम्पन्न गर्नेछु भन्ने तर मन भित्र उसलाई न म फर्कन्छु न म चीवर सम्पन्न गर्नेछु भन्ने लागिरहेको हुन्छ यस्तो अवस्थामा जुन चीवर हस्तान्तरण भयो त्यस्तो प्रकारको कठिनोद्वारलाई संनिष्ठापनान्तिक कठिनोद्वार भनिन्छ। वहनाशितान्तिक कठिनोद्वारः पहिले ३ नं मा उल्लेख भएको अवस्थामा सिमा अतिक्रमण गरी चीवर सम्पदानको काम त सुरू गर्ने तर सम्पन्न हुनु पूर्वनै यो प्रकृयाबाट बाहिर निस्कने वा चीवर कर्म सम्पन्न नगरीकन लिईने कठिनोद्वार लाई कठिनोद्वार वहनाशितान्तिक कठिनोद्वार भनिन्छ। श्रावणान्तिक कठिनोद्वारः यदि कोही भिक्षु चीवर प्राप्त गरि आफ्नो सीमा भन्दा बाहिर गैसकेको अवस्थामा 'समग्र संघबाट कठीनको उद्वार गरियो', भनि संघले उसको चीवरको अनुमोदन गरिसकेको छ भन्ने सुन्दछ तव उसले 'साधुको उद्धृत भयो', 'सुष्ठु उद्धृत भयो' भनी सम्यक् अनुमोदन गर्दछ यो आस्तीर्ण कठीनलाई श्रावणान्तिक कठिनोद्वार भनिन्छ। सिमान्तक्रमित कठिनोद्वारः यदि कोही भिक्षु चीवर प्राप्त गरि आफ्नो सीमा भन्दा बाहिर गैसकेको अवस्थामा म फर्केर आउछु भनि सीमातिक्रमण गरी जाने गर्दछन् यो आस्तिर्ण कठीनदानलाई सिमान्तक्रमित कठिनोद्वार भनिन्छ। सिमान्तक्रमित कठिनोद्वारः यदि कोही भिक्षु चीवर प्राप्त गरि आफ्नो सीमा भन्दा बाहिर गैसकेको अवस्थामा छ र उसले भन्दछ कि म फर्केर आएर चीवर सम्पादन गर्दछु र सवै संघ सदस्यहरूले उसको चीवर प्राप्तीको आशालाई अनुमोदन गरिदिए भने यो आस्तीर्ण कडीनलाई आशाच्छेदक कठिनोद्वार भनिन्छ। कठिनोद्वारः जो भिक्षु पुनः फर्केर आएर कठिनोद्वारको कार्य पुरा गर्दछ यो बास्तविक कठिनोद्वार हो (अनर, १९९३, पृ. ४७-४९)।

कठिनोद्वारका यी आठवठा अवस्थाहरू मध्येमा निष्ठापनान्तिक कठिनोद्वार, संनिष्ठापनान्तिक कठिनोद्वार, वहनाशितान्तिक कठिनोद्वार र श्रावणान्तिक कठिनोद्वारमा भिक्षुहरू आफैलाई म पुनः यो आवासमा फर्कन्छु वा फर्कन्न भन्ने संका रहेको अवस्था हो। चीवर प्राप्त गर्न, चीवर प्राप्त गर्ने प्रकृया पुरा गर्न, त्यो अवस्था सवै कठीन भएको कारण यसरी र यस्तो अवस्थामा प्राप्त भएको चीवर कठीन चीवर हो।

### (ग) अतिरिक्त चीवर

बुद्ध श्रावस्तीको जेतवन विहारमा बर्षावासमा रहनु भएको समयमा वहालाई भेट्न साकेतबाट भिक्षुहरू आएका थिए। बुद्धले उनीहरूको कुशलक्षम सोधपुछ पछि बाटोमा बर्षाको कारण चीवर भिजेको, हिलाम्य भएको देखेर यस्तो समयमा अतिरक्ति चीवरको ब्यवस्था गर्नुपर्ने भएको कारण सो गर्नको लागि संघलाई अनुमति दिनु भएको थियो (सांस्कृत्यायन, १९३५, पृ ७४)। दोस्रो दिन संघ एकत्रित भएपछि संघले शयनासनको प्रज्ञप्ती (घोषणा) गण्डी (एक प्रकारको परम्परागत घण्टी) बजाउँदै हिजो भिजेर आएका भिक्षुहरूलाई कठिन चीवरको

प्रस्ताव गरे । पछि चीवर चोरी भएमा, हराएमा, भिजेर अर्को फेर्ने चीवर नभएको अवस्थामा पनि कठीन चीवर प्राप्त गरिने अवस्था बनेका हुन् ।

साधारणतया भिक्षु तथा भिक्षुणीहरू जुन आवासमा बर्षाबास बस्दछन् त्यही नै चीवरदानमा सहभागी हुनु पर्ने ब्यवस्था रहेको छ । तर बिशेष परिस्थीति परेको खण्डमा बर्षाबासको समयमा पनि बढीमा सात दिनको लागि आफ्नो सिमा भन्दा बाहिर जान पाउँने अवस्था छ । यो अवस्थामा चीवरको क्षती भएमा माथि 'ख' मा उल्लेख गरिएको प्रकारबाट चीवर प्राप्त गर्न सकिन्छ । एक पटकको कुरा हो हस्तिपाल नाम गरेको गाउँका गृहपति उदयनले त्यो गाउँमा बर्षाबास बस्ने भिक्षुहरूलाई प्रशस्त खानेकुराको ब्यवस्था गरिदिएका थिए । यो खवर खाद्यवस्तुको प्रचुरता नभएको स्थानका भिक्षुहरूले सुने । भिक्षुहरूले यो कुरा सुनेपछि उनीहरू पनि हस्तिपाल गाउँमा जान खोजे । यो कुरा बुद्धले थाहा पाएपछि बर्षाबासमा सिमाबन्धको नियम लागु गरेका हुन् । बिशेष परिस्थीति, जीवन श्रावण्य, ब्रह्मचर्यामा प्रतिकुलता आईपरेको अवस्थामा, संघभेदको संभावना भएमा बर्षाबास त्याग गर्न सकिन्छ अन्यथा गर्नु हुदैन । (मूलसर्वास्तीवादी विनयवस्तु, पृ ४७-४९) ।

#### (घ) **बार्षिक शाटीका**

ग्रीष्म ऋृतु जुन बेला बर्षा हुन्छ त्यो समयमा चीवर भिज्ने वा नसुक्ने भएकोले थप चीवरको प्रयत्न गर्न सकिन्छ। तर यसरी लिईने चीवर पुरा सेट नभैकन एक सरो अन्तरवासक (लुङ्गी) मात्र लिन पाईन्छ त्यो पनि ग्रीष्मको आधा महिना रहदा सम्म मात्र आफुसँग राख्ने त्यसपछि संघलाई बुझाउँनु पर्दछ ।

माथि भनेको जस्तो चीवरको विकास हुनुपूर्व भिक्षुहरूले पाशकुलिक चीवर लगाउँदथे भन्न सकिन्छ । यो चीवरको कपडाहरू कि त मशानबाट वा बाटो वरपर फालिएका कपडाबाट लगाउँने गरिन्थ्यो । बुद्धले पनि पुञ्या (Puṇṇā ) नाम गरेकी एकजना दाशीबाट पाशकुल चीवर लिएको प्रसङ्ग पाईन्छ ।

## पुराना चीवरको मरमत

चीवरलाई उचित तरिकाले प्रयोग गर्नु पर्दछ । जव चीवर पुरानो हुन्छ त्यसलाई आवश्यकता अनुसार मरमत गरेर सिएर वा टालो हालेर प्रयोग गर्नुपर्दछ । फाटेकका चीवरहरू सिलाउँदा एक सरो लाई दोब्बरी हुनेगरी र दोबरी चीवरलाई चौवरी हुने गरी टाल्न सकिन्छ । टालो हाल्ने-पुरानो मक्किएको कपडा फालेर त्यो ठाउँमा अर्को कपडा राखेर सिउँने, पट्टयाउने, गम आदी लगाएर चिप्काउँने गरि कपडालाई बलियो बनाउँने गरिन्थ्यो । दोबरी कपडा सिलाउँनकोलागि कपडाको आकार मिलाउँन कठीन (kathina) नामक फ्रेमको प्रयोग गरिन्थ्यो ।

## थप चीवरको ब्यवस्थान

बुद्धधर्ममा नाङ्गो बस्नु विनय विपरीत कर्म हो । कसैलाई पनि वस्त्र बिहिन हुने अनुमती छैन । कोही पनि प्रब्रज्जित एक्लो भएको अवस्थामा पनि वस्त्र बिहिन रहनु हुदैन । त्यसैले चीवर हराएमा, आगोले पोलेमा, चोरी भएर लगाउँने कपडा नभएमा सघंसँग थप चीवरको अनुमती लिन वा माग्न पाईन्छ । थप चीवर माग्ने पनि नियमहरू रहेको पाईन्छ । यदि तीनवटै चीवर नष्ट भएको छ भने दुईवटा मात्र थप लिन सकिन्छ । यदि दईवटा चीवर नष्ट भएमा थप एकवटा लिने र एकवटा चीवर नष्ट भएमा पनि एकवटा मात्र लिने गर्नुपर्दछ । दानमा दिने चीवरहरू यस्तो उस्तो प्रकारको दिनु भनेर आग्रह गर्न पनि निषेध गरिएको छ । दानको लागि तयार पारेको धनबाट यस्तो यस्तो प्रकारको चीवर दिनुस भनेर माग्न हुदैन । माग्दा खेरी पटक पटक माग्न पनि हुदैन । अज्ञात गृहस्थ

वा गृहस्थीसँग खास अवस्था यसरी माग्दा चीवर धेरै दिएपनि एउटा मात्र लिनु पर्दछ। बौद्ध बिनय अनुसार जो स्वेच्छाचारी छैन, जो द्वेषको मार्गमा जादैन, जो मोहको मार्गमा जादैन, जो भयको मार्गमा जाँदैन र जो लिएको जान्दछ त्यस्ता ब्यक्तिहरूलाई चीवर दान दिनु पर्दछ। सङ्घमा चीवर बाड्ने ब्यक्ति पनि स्वेच्छाचारी नभएको, आफैले पहिले चीवर नछान्ने, तुलना नगर्ने, फरक फरक रंग अलग अलग गर्ने, भिक्षुको संख्या गन्ने अनि कति पुग्छ त्यो अनुसार बाड्न सक्ने सक्षम ब्यक्ति छान्ने नियम रहेछ। कोही भिक्षु वा भिक्षुणीले आफुले पाएको चीवरको भाग छोड्न पनि पाईने नियम रहको छ।

भिक्षुहरूले अबौद्धहरूले वा गृहस्थमा बस्नेहरूले प्रयोग गरेको जस्तो कपडाहरूको प्रयोग गर्न अनुमति छैन। उनीहरू लाई मानव कपालबाट निर्मित कम्बल, घोडाको पुच्छरको कपालबाट निर्मित कम्बल, उल्लुको पखेटा, जनावरको छालाबाट निर्मित कपडाहरूलाई लगाउँन निषेध गरिएको पाईन्छ। त्यस्तै दुईदलिय बनस्पतीको काण्डलाई छोपेर राखिएका विरूवाको रस संचार गर्ने नलीको (phloem) रेशाबाट बनेको कपडा पनि प्रयोग गर्न हुदैन।

पहिले पहिले दान बाट प्राप्त भएको चीवरहरूलाई मण्डप, बृक्षमुनी आदी स्थानमा भण्डारण गरिन्थ्यो। यस्तो स्थानमा चीवर भण्डारण गर्दा किरा मुसाले काट्ने, बर्षाको पानी वा सीतले भिज्ने भएर चीवर असुरक्षित भएको कारण संघ विहार, अटारी वा प्रासाद, हर्म्य, गुफा आदीमा चीवर भण्डारण गर्ने बिधि बनेको देखिन्छ र भण्डारमा राखेको चीवर असुरक्षित हुनबाट जोगाउँनको लागि जो स्वेच्छाचारी छैन यसलाई चीवरको भण्डारी राख्नु पर्ने नियम रहेको छ।

## चीवरको रङ्ग निर्धारण

पहिले पहिले चीवरलाई पहेलो माटो र गोवरमा पकाएर रंगाउँने भएकोले धेरै समयसम्म गनाएर लगाउँन नमिल्ने भएको बुझिन्छ। त्यसैले पछि यो परम्परालाई परिवर्तन गरि बिभिन्न छ प्रकारका रङ्गहरू जस्तो कि पानीको मूलबाट निस्कने रङ्ग, स्कन्ध रङ्ग, त्वक् (छालाको) रङ्ग, पातको रङ्ग, फलको रङ्ग र फूलको रङ्ग भाडामा पकाएर तयार गर्ने र त्यसमा चीवरलाई चोपेर वा पकाएर रङ्गाउँने गरिन्थ्यो। यो काम प्रब्रज्जितहरू ले सकेसम्म आफैले गर्नु पर्दछ। बौद्धविनय अनुसार आफ्ना सात पुस्ता भित्रको सम्बन्ध नभएको भिक्षु वा भिक्षुणीहरूलाई आफ्नो चीवर रङ्गाउँन पनि दिन हुदैन। बुद्धकालमा बिभिन्न बनस्पतीबाट रङ्गहरू बनाउँने चलन रहेको बुझिन्छ। यी रङ्गहरू बनस्पतिहरूको पात, जरा, काण्ड, फुल, बोक्रा आदीबाट तयार गरिन्थ्यो। बिभिन्न स्थानमा प्राप्त बनस्पती अनुसारका रङ्ग बन्ने र सोही अनुसार चीवरहरू रङ्गाईने कारण बुद्धकै समयमा पनि चीवरको रङ्ग स्थान अनुसार फरक थियो भन्ने अनुमान गर्न सकिन्छ। बुद्धले भिक्षुहरूलाई निम्नानुसार रङ्गहरूका चीवर लगाउँने अनुमती दिनुभएको कुरा विनयमा उल्लेख गरिएको छ। जसमा पहेलोमा हल्का रातो (Reddish yellow), केशरको जस्तो पहेलो (Turmeric saffron) ,बर्गन्डी (Burgundy or deep reddish brown), गाढा मरून (Dark maroon) र केशर रङ्ग (Vivid Safron) रहेका छन्। माथि उल्लेख गरिरएको बाहेक विनय पीटकका केही भाष्यहरूले हलेदोको रङ्गबाट, मजिठो (Indian Madder) को डाठ, मैङ्ग्रुभ रूखको बोक्रा, नील बिरूवाको पातबाट, सूर्यमुखीको फूलबाट निस्केको रङ्गले चीवर रङ्गाउँन नहुने ब्यहोरा उल्लेख गरिएको पाईन्छ। (सांस्कृत्यायन, १९३५, पृ. २९३)। बुद्धकालमा भिक्षुहरू ले प्रयोग गर्ने चीवरलाई काषाय वस्त्र (गेरू) पनि भनिन्थ्यो भने गृहस्थमा वस्नेहरूले निख्खर सेता, राता, हरीया, नीला रङ्गका कपडाहरू लगाउँने चलन थियो। यी

रङ्गहरू विभिन्न वनस्पतीका पात, काण्ड, फलको बोक्रा, डाँठ आदी पकाएर तयार गरिन्थ्यो। (संयुक्त निकाय, खन्धवग्ग, पृ. ११९।)।

सिद्धार्थ गौतमले गृहत्याग पछि राजकुमारको परिधान तथा आभुषणलाई अनोमा नदी किनारमा त्याग गरि काषाय वस्त्र ग्रहण गरेको बुझिन्छ। गृहत्याग पछि सिद्धार्थले संगत गरेका पात्रहरू आलारकालाम र उद्दकरामपुत्रले कस्तो कपडा लगाउँदथे भन्ने पनि स्पष्ट उल्लेख भएको पाईदैन। त्यस्तै पहिलो पञ्चवर्गीय भिक्षुहरू कोडण्य, भप्प, भद्दीय, महानाम र अस्सजीहरूको पहिलो पटक भिक्षु बन्ने प्रकृयामा उनीहरूको लागि आवश्यक पात्र र चीवर स्वयं उत्पन्न भएको थियो भन्ने विश्वास गरिन्छ। विनय पीटकको महावग्गमा भिक्षुहरूको उपसम्पदा हुदा हे भिक्षुहरू, तिमीहरूलाई उपसम्पदा दिईन्छ। यसको लागि केश मुण्डन गरी दाईने कुम खुला हुनेगरी काषायवस्त्र लगाउँनु भनिएबाट काषायवस्त्र भनेको उत्तरासङ्ग हो कि भन्ने बुझिन्छ।

सुरूका दिनहरूमा भिक्षुहरूले पाशुकुल चीवर लगाउँनु पर्ने पुरानो परम्परा भएको बुझिन्छ। गृहस्थको कपडा त्याग गरेपछि लगाउँने वस्त्र नभैकन मानिसहरू सङ्घमा प्रवेश गर्न आएको कारण उससम्पदा हुनको लागि कम्तीमा अष्टपरिस्कार (तीनवटा चीवर, भिक्षापात्र, कपाल काट्ने छुरी वा रेजर, सीयोधागो, कमरबन्ध, पानीछान्ने कपडा) हुनुपर्ने नियम बनाएका हुन्। लामो समयसम्म पाशुकुल चीवर लगाउने भिक्षुहरूलाई त्यत्तिवेला मात्र यथेष्ट थीवर हुन थाल्यो जव गृहस्थहरूले पनि चीवर दान गर्ने अवसर प्राप्त गरे। पहिले पहिले भिक्षुहरूले बिभिन्न आकार प्रकारका चीवरहरू लागाउँने गरेको बुझिन्छ भने संघ स्थापनाको बीस बर्ष पछि मात्र यसको निश्चित आकार तय गरिएको हो। यथेष्टमात्रामा चीवरहरू प्राप्तभएमा भिक्षुले आफुसँग राख्न नपाउँने र बढीमा दश दिन भित्रमा संघमा बुझाउँनु पर्ने नियम बनेको देखिन्छ।

## चीवरको संख्या निर्धारण

बुद्धका उपदेशहरू अनुसन्धान तथा ज्ञानको तहबाट परिक्षण गरेर तय गरिएको पाईन्छ। तीनबटा चीवर नै किन भन्ने बिषय परिक्षणको आधारमा मात्र तय गरिएको हो। गृहस्थअरुसँग चीवरदान लिने ब्यवस्था भएपछि भिक्षुहरूसँग यथेष्टमात्रामा चीवरहरू हुन थाल्यो। त्यसपछि एकजना भिक्षुको लागि कतिवटा सम्म चीवर राख्न आवश्यक पर्ला भन्ने बिचार गर्नको लागि बुद्धले जाडो महिनाको एक रात एकसरो चीवर लगाएर बसे। केही छिनपछि रात छिप्पिदै जाँदा उनलाई जाडोको महसुस भयो त्यसपछि उनले दोस्रो चीवर लगाए। दोस्रो चीवर लगाएको केही छिनपछि उनलाई पुनः जाडोको महसुस भयो त्यसपछि उनले तेस्रो चीवर लगाए। तेस्रो चीवर लगाएको केही छिनपछि उनले अझै जाडोको महसुस गरे र चौथो चीवर पनि थपे। चौथो चीवर लगाएपछि उनलाई न्यानो महसुस भयो। त्यसपछि भने उनले एक जना गृहत्यागीको लागि तीनवटा चीवरः दोबरी पारेर सिलाएको संघाटी (outer robe), एकसरो उत्तरासंघ (upper robe), र एकसरो अन्तरवासक (inner robe) आवश्यक हुनु पर्ने नियम बनाएका हुन् (घिमिरे, २०८१, पृ. २९)।

## बिनयको पालना पछि चीवरको ब्यवस्था

बौद्धसंघका स्थापनाको बीस बर्ष सम्म फरक फरक प्रकारका आकार र रंङ्का चिवरहरूको ब्यवस्था रहेको बुझिन्छ। जीवकको आग्रह अनुसार गृहस्थले दान गरेको चीवर ग्रहण गर्ने भएपछि भिक्षुसंघमा झन् फरक फरक पहिरन हुन गएको अनुमान गर्न सकिन्छ। भिक्षुहरूका कपडा साधारण र बुट्टा नभएका हुनु पर्ने प्रावधान छ तर सिल्कबाट बनेका चीवरमा भने नदेखिने तवरका मरीचका फुलजस्ता मसिनो खालका बुट्टाहरू राख्न पाउँने

प्रावधान रहेको छ। (बिजयरथ, १९९०, पृ. ६५)। चर्को वा प्राईमरी रङ्गभएका चीवरहरू लगाएर एक पटक छ जना भिक्षुहरू बुद्धलाई भेट्न आए। यी छ वटा रङ्गभएका चीवरहरू लगाउँन नपाउँने गरी नियम बुद्धले बसाले, जसमा सम्पूर्ण खैरो रङ्गको (Entirely brown), पहेलो (Entirely Yellow), रातो (Entirely red), क्रिम्सन (Toddy-tree or Crimson), खैरो-पहेलो (Brownish-yello), रातो-पहेलो ( Redish-yellow) थिए।

## बुद्धको पाशुकुलिक चीवर

कथिन चीवरभन्दा पहिले बुद्धले पनि पाशुकुलिक चिवर लगाउँदथे भन्ने कुरा बुद्ध र महाकाश्यपको संवादबाट अनुमान लगाउँन सकिन्छ। एकपटक महाकाश्यपले आफ्नो संङ्घाटि वस्त्र पट्याएर बुद्धको बस्ने आसन बनाए। बुद्धले त्यस आसनमा वस्दै भने 'महाकाश्यप तिम्रो संङ्घाटि निकै मुलायम छ।' यो सुनेर महाकाश्यप ले भने, 'भन्ते ! मेरो यो पटवस्त्र संङ्घाटि भगवान्ले ग्रहण गर्नुहोस्।' बुद्धले पुन प्रश्न गरे, 'मेरो यो खस्रो सन्को पाशंकुलवस्त्र तिमी लगाउँछौ त ?' बुद्धले भने 'यो वस्त्र पूर्णाभन्ने दासीले लगाएर मशानमा फ्याकिएको थियो। मसानबाट उठाएर त्यसमा परेका कीराहरू टक्टक्याएर महिले यो चीवर बनाएर लगाएको हुँ। तिमी यस्तो चीवर लागाउँन सक्छौ ?' (अमृतानन्द, २०४४, पृ १८६-८८)

बुद्धले पाशुकूलिक चीवर लगाउँने भएकोले पहिलो पहिलो धर्मचक्र प्रवर्तनमा सामेल भएको पाँच जना बाह्मणहरूको प्रब्रज्यासँगै उनीहरूको लागि आवश्यक चीवर र भिक्षापात्र आफै उत्पन्न भएको थियो भन्ने मानिन्छ। (भदन्त, २००४, पृ.२३)। दीर्घ निकायको भाष्यमा बुद्धको चीवरको बारेमा उल्लेख गरिएको छ जस अनुसार बुद्ध र महाकाष्यपको चीवर सुवर्णवर्ण (suvanavanne civara) को भएको उल्लेख गरिएको छ। संयुक्त निकाय, उदान र मज्जिझ्म निकायको भाष्यमा बुद्धको अन्तरबासक (Inner robe) मा मुगाको फुलहरू भएको थियो भने उत्तरासंघ (Outer robe) बरको बिरूवाको टुप्पोमा भएको जस्तो रङ्गको भएको उल्लेख गरिएको छ।

बुद्धकालिन समयमा कति मुल्यका चीवर लगाउँने भन्ने बिषयमा पनि नियम बनेको पाईन्छ। जस अनुसार जाडोको लागि ओड्ने कपडा अधिक मुल्य १६ कार्षापण सम्मको हुनु पर्ने र गर्मीको लागि ओड्ने कपडा १० कार्षापणको हुनु पर्ने ब्यवधान रहेको छ। त्यस्तै जो स्वेच्छाचारी छैन, जो द्वेषको मार्गमा जादैन, जो मोहको मार्गमा जादैन, जो भयको मार्गमा जाँदैन र जो लिएको जान्दछ त्यस्ता ब्यक्तिहरू लाई चीवर दान दिने भनि उल्लेख गरिएको छ। त्यस्तै सङ्घबाट चीवर बाड्ने ब्यक्ति स्वेच्छाचारी नभएका ब्यक्तिले पहिले चीवर छान्ने, तुलना गर्ने, फरक फरक रंग अलग अलग गर्ने, भिक्षुको संख्या गन्ने अनि कति पुग्छ त्यो अनुसार बाड्ने आचरण भएकोलाई भण्डारी चुन्नु पर्दछ। भिक्षु वा भिक्षुणीहरूले चीवर प्राप्त गर्ने बित्तिकै आफ्नो चीवरको कुनै एक ठाउँमा उडुसको आकार भन्दा ठूलो नहुनेगरी नीलो, कालो वा खैरो कुनै रंगले चिन्ह लगाउँनु पर्दछ। यसे गर्नु चीवरलाई पुरानो बनाउँनु र आफ्नो चीवर हराएको खण्डमा चिनिने बिधि पनि हो। चीनो अर्को नयाँ लुगामा पहिलेको भन्दा फरक स्थानमा लगाउँने चलन छ। यसो गरेको खण्डमा उस्तै कपडाहरू हराउँने वा एक अर्कोमा पर्ने डर नहुने देखिन्छ।

## बुद्धकालमा विनयहरूको स्थापनाको प्रकृया

बुद्धका सवै नियमहरू गणतान्त्रिक प्रकृयाबाट बनेको पाईन्छ। नियमको पालना गरेको देखिन्छ। विनय बन्ने प्रकृया यस प्रकार रहेको थियो।

- संङ्घमा प्रस्ताव खास आकारमा पेश गर्ने (यसलाई ज्ञाप्ती भनिन्छ।)
- संङ्घमा प्रस्ताव दोहोऱ्याएर भन्ने ।
- यो प्रस्तावको विपक्षमा बोल्नेलाई तीन पटक समय दिने (यो प्रकृयालाई अनश्रवण भनिन्छ।)

- अन्त्यमा धारणाद्वारा सम्मतीको परिणाम सुनाउँने चलन थियो

## चीवरबाट च्युतहुने अवस्था

पाराजिका विनय लागेमा बौद्धसङ्घबाट निस्कासन हुनुपर्ने प्रावधान रहेको छ। पाराजिका बौद्धसङ्घका प्रब्रज्जितहरू ले अनिवार्य पालना गर्नु पर्ने नियमहरू हुन् । यदि पाराजिका नियम उलङ्घन गरेको पाईएका सङ्घबाट सिधै निष्कासित हुनु पर्दछ। पाराजिका नियमहरू मा ब्रह्मचर्यको पालना नगरेमा वा यौन सम्बन्ध कायम गरेमा, चोरी गरि प्रमाणीत भएमा, जीव हिंसा गरेमा, नपाएको अलौकिक शक्ति प्राप्त गरेको भनि प्रदर्शन गरेमा पाराजिका निय लागेको मानिन्छ। बुद्धको समयमा थुल्लसिस्सा नाम गरेकी भिक्षुणीले महाकास्य जो षड्अविज्ञा प्राप्त भिक्षुथिए उनलाई उपहास गरेकी थिईन् । षड्अविज्ञा प्राप्त भिक्षुलाई उपहास गरेको कारण थुल्लसिस्सा चीवरबाट च्युत भएकी थिईन् (अमृतानन्द, २०४४, पृ ३४१-४२)।

## निष्कर्ष

बुद्धकालिन समयमा कपडाको अहिलेको जस्तो प्रचुर नभएको बुझिन्छ। गृहस्थ र धनाढ्यहरुले भने रत्न जडित कपडा, मुलायम स्नीग्ध काशीवस्त्र पनि लगाउँदथे । गृहस्थ त्याग गरेपछिको प्रब्रज्जित जीवनमा गृहस्थको भन्दा बिलकुल फरक कपडा लगाउँने ब्यवस्था बुद्धले गरेका थिए। बुद्धको सङ्घमा ब्यवस्था भएको सो बस्चलाई चीवर नामाकरण गरियो। चीवरको आकार मगधको खेतको आकारमा बनाईएको हो। त्यागको प्रतिकको रुपमा पहिले पहिले चीवरहरू कात्रोबाट बनाउँने चलन थियो किनकी यस्तो कपडामा कसैको पनि आसक्ति रहेको हुदैन। पछि गृहस्थले पनि चीवर दान गर्न पाउँने प्रावधान भएपनि सङ्घमा चिवरको राम्रो ब्यवस्थापनको नियम बनाईएको हो। त्यसैले चीवर बुद्धको प्रतिक, सङ्घको प्रतिक मान्न सकिन्छ जुन बुद्धको काल देखि अहिले सम्म जस्ताको तस्तै प्रयोग हुदै आएको छ।

## सन्दर्भग्रन्थहरू :

राना, मायादेवी (२०६४), अ स्टडी अफ चीवर इन थेरवाद बुद्धिज्म, एम ए शोधपत्र, त्रि वि बौद्ध अध्ययन केन्द्रीय विभाग।

सांकृत्यायान, राहुल (१९५२) बुद्धचर्या, सारनाथः महाबोधिसभा।

सांकृत्यायान, राहुल(१९३५) विनय-पीटक, सारनाथः ब्रह्मचारी देवप्रिय।

ज्ञानपूर्णिक (नेपालीमा अनुवाद (२०७२), ऊ अरिय (लेखक बर्मीज), कथिनरस, काठमाण्डौः मखनलाल श्रेष्ठ परिवार।

बोधिसेन (उत्था) (२०५७) थेरगाथा, ज्ञानज्वोती कंशाकार।

बोधिसेन (उत्था) (२०६५),थेरीगाथा, दिब्यलक्ष्मी बज्राचार्य।

मूलसर्वास्तीवादी विनयवस्तु, द्वीतियखण्ड, मिथिलाविद्यापीठ, पिटक, पृ ४७-४९ ।

महर्जन, तेजमान (२०७२) कथिन चीवर दानः एक अध्ययन, त्रि वि बौद्ध अध्ययन केन्द्रीय विभाग, बौद्ध अध्ययन बिषयको स्नातकोत्ततर तहको शोधपत्र ।

भदन्त सम्यकसम्बोधि प्राणपुत्र (उत्था) (२०६०), बिसुद्धीमार्ग, नेपालः सुखिहोतु नेपाल ।

पौडेल, उमाकान्त, बुद्धकालिन समाज, काठमाण्डौः फाईन प्रिन्ट प्रालि ।

घिमिरे, चन्द्रकला (२०८१), चीवर, काठमाण्डौः बज्रबुकसप ।

कोण्डन्य (सम्पादक), सम्यक् संबोधि प्राणपुत्र (उत्था) (२०६०) सम्यक् सम्बोधि, सुखिहोतु नेपाल ।

शान्ती भिक्षुशास्त्री (उल्था) (१९९९), ललितविस्तर दोस्रो संस्करण, लखनउः उत्तरप्रदेश सस्थान ।

Amritananda, KL Karmacharya (Trans.) (1999), *The Brief history of Buddha's life,* Lumbini: Lumbini Intranational Buddhist Society.

Franklin, Edgerton (1998), "Buddhist Hybrid Sanskrit Grammer and Dictionary Vol. II, Vanarash: Motilal Vanarasidash Publisher.

Horner, I.B. (trans.)(1993), *The Book of the Discipline,* Vol. IV, Oxford: Pali Text Society

Jayata Ganguli "Nisraya and Dhutanga in Buddhist Tradition

Vijayaratha, Mohan (Trans.) (1990), *Buddhist Monastic life, Newyork*: Cambridge University Press.